# जनजाती समाज विकास कार्यक्रम (JSDP), सिन्धुली

## Janajati Society Development Program, (JSDP),Sindhuli

**प्रथम पटक प्रकाशित**

**शिलवन्दी दरभाउपत्र सम्वन्धी सूचना ।** **(मिति २०८१।०१।१६ )**

यस जनजाती समाज विकास कार्यक्रम (JSDP), सिन्धुली कमलामाई नगरपालिका वडा नं. ६, सिन्धुलीमा स्थीत JSDP ले आ.ब.०८१/०८२ का लागि सुचीकृत/शिलबन्दी दररेट आबह्वान सुचना प्रथम पटक प्रकाशित मिति २०८१ बैशाख १६ गते आईताबार जनजाती समाज विकास कार्यक्रम (JSDP), सिन्धुली संघ सस्था दर्ता ऐन २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा मिती २०६४ मंसिर ०४ गते दर्ता भई दातृ निकायहरु (सरकारी वा गैरसरकारी) को आर्थिक तथा प्राविधिक सहयोगमा स्वास्थ्य,शिक्षा, जिविकोपार्जन, खानेपानी, सरसफाई,वातावरण संरक्षण तथा बाल संरक्षणको विषयमा परियोजनाहरु संचालन गर्द आइरहेको छ । यस संस्थाको चालु आ.व. ०८१/०८२ (१ बर्ष ) मा हुने परियोजना तथा कार्यालय संचालनको लागि आबश्यक पर्ने तपसिल बमोजिमका बस्तु तथा सेवाहरु खरिद गर्न आबश्यक हुने भएकोले इजाजत प्राप्त व्यक्ति, आपूर्तिकर्ता फर्म, सप्लायर्स कम्पनी तथा संस्थाहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी दररेट पेशका लागि आब्हान गरिएको छ ।

**क) आ.व. २०८१/८२ को लागि संस्थालाई आपुर्ती तथा मर्मत गनुपर्ने सामानहरु तथा उपलब्धता गराउनुपर्ने सेवाहरुः**

**१.कार्यालय संचालन तथा परियोजनाका कार्यक्रमहरु संचालनको लागि आबश्यक मसलन्द, स्टेशनरी सामाग्रीहरु,**
**२.फ्लेक्स प्रिन्ट सम्बन्धी कार्य,**
**३.तलिम, सेमिनार,गोष्ठी तथा होटल व्यवस्थापन सम्वन्धी कार्य गर्ने,**
**४.समाग्री ओसार पसार, ढुवानी तथा यातायात सेवा दिने सम्वन्धी कार्य,**
**५.रिचार्ज कार्ड सम्बन्धी सेवा,**
**६.इलोक्ट्रोनिक तथा मर्मतका समाग्रीहरु,**
**७.सूचना प्रकाशन तथा प्रसारण गर्ने,**
**८.मोटरसाईकल मर्मत कार्य,**
**९.विभिन्न तालिम सम्बन्धी सेवा,**
**१०.छपाई सम्बन्धी कार्य (Poster, Paper Print, Book Print, )**
**११.खाद्य तथा लत्ता कपडाहरु**

**ख) शर्तहरुः**

**१.माथि उल्लेखित क अन्तर्गत रहेका बुदा नं. ५,६,७,८,९,१० र ११ को वस्तु तथा सेवा उपलब्ध गराउन इच्छुक सप्लायर्सहरुले इमेल वा कार्यालयमा उपस्थित भएर सूची दर्ता गराउनु पर्नेछ । साथै, भविष्यमा कुनै कारोवार गर्नु पर्दा उक्त सूचिकृत सप्लायर्स मध्ये कुनै एक बाट कारोबार गर्न सकिनेछ र क अन्तर्गत रहेका अन्य बुंदाहरुको हकमा इच्छुक सप्लायर्सहरुले संस्थाले तयार परेको ढाँचा अनुसार शिलबन्दी दररेट पेश गर्नुपर्नेछ ।**

**२.शिलबन्दी दररेटको लागि सुची प्राप्त गर्न वा फर्म सप्लार्यस सुची दर्ता हुनको लागि मान्यता प्राप्त व्यक्ती फर्म तथा सप्लार्यसहरुले प्रथम पटक प्रकाशित भएको मितीले १५ औं दिन (मिति २०८१ बैशाख ३० गते) दिनको ५:०० बजे सम्म**

फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी, ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी र निबेदन सहित कार्यालयमा उपस्थिती हुने वा संस्थाको आधिकारीक इमेल **damodar_pakhrin@jsdpsindhuli.org.np** मार्फत पनि प्राप्त गर्न सकिने छ।

३. शिलबन्दी दररेट पेश गर्ने समय सुचना प्रकाशनको १६ औ दिन मिति २०८१ बैशाख ३१ गते) दिनको १२:०० बजे सम्म मात्र रहने छ।

४. दररेट पेश गर्दा शिलबन्दी गरेको खाम भित्र संस्थाले उपलब्ध गराएको समाग्रीहरुको सुचीमा अंक र अक्षर केरमेट नगरी दररेट उल्लेख गरिएको हुनु पर्ने छ। साथै, केरिएको खण्डमा अक्षरलाई आधार मानिनेछ।

५.प्राप्त फारमहरु मिति २०८१ जेठ ०१ गते मंगलवारको दिन दिउसो २:०० बजे फर्म वा सप्लार्यसको रहोबरमा (JSDP) सिन्धुलीको शाखा कार्यलयमा खोलिने छ। प्रतिनिधिहरुको उपस्थिति नहुदा पनि शिलबन्दी दररेट खोल्न बाधा पुग्ने छैन।

६.सामाग्रीको सुची दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोली पल्ट दर्ता गर्न र खोल्न सकिने छ।

७.सप्लायर्स छनौट गर्दा समाग्रीको मुल्य, समाग्रीको गुण्स्तर, सप्लायर्सको दुरी, कार्य अनुभव, समाग्री उपलब्ध गराउन सक्ने क्षमता र संस्थाको नीति नियम पूर्ण पालना गर्न प्रतिबद्धता जस्ता आधार निर्धारण गरिनेछ।

८.कुनै एक सप्लायर्सले एक भन्दा बढी विषयमा शिलबन्दी दररेट पेश गर्न चाहेमा छुटटै निवेदन सहित दररेट पेश गर्नुपर्नेछ।

९.सूचिकृत सप्लायर्स वा सेवा प्रदायकहरुले भविष्यमा बालबालिकाहरुलाई काममा लगाउन वा कुनै पनि खालको दुव्यवहार गर्न पाउने छैन तथा होटल सेवा सम्बन्धी सप्लायर्सहरुको हकमा चमेना गृह, तालिम हल र वासस्थान एकै स्थानमा हुनुपर्नेछ र सुरक्षित पनि हुनुपर्नेछ।

१०.म्याद नाघी आएका वा रित नपुऱ्याइ पेश भएका शिलबन्दी दररेट फारम माथी कुनै कारवाही गरिने छैन।

११.खरिद गर्ने समाग्रीको सुची सहितको फारम (JSDP) सिन्धुली कार्यालय बाट प्राप्त गर्न सकिन्छ।

१२.संस्थाले खरिद गर्ने समाग्रीहरु सुचना प्रकाशित भएको मितिले १ वर्षका लागि आहवान गरिएको छ। यसै शिलबन्दी सुचीमा उल्लेखित दररेटलाई आधारमानी सप्लायर्सले १ आर्थिक वर्षका लागि उक्त समाग्री सोही दररेटमा उपलब्ध गराउनु पर्ने छ। समाग्री/सेवा खरीद गर्ने वा नगर्ने अधिकार संस्थामा निहित हुनेछ।

१३.शिलबन्दी दररेट सुची लिष्टमा उल्लेखित समाग्री आवश्यकता अनुसार खरिद गर्ने तथा पेश भएका फर्म वा सप्लार्यस मध्ये छनोट गर्ने वा नगर्ने अधिकार संस्थामा निहित हुनेछ।

अन्य आवश्यक जानकारीको लागि
जनजाती समाज विकास कार्यक्रम (JSDP)
सिन्धुली
३ नं प्रदेश, सम्पर्क ०४७ ५२१२९३